# महालेखापरीक्षकको वार्षिक प्रतिवेदन

# २०७९

# पाटन नगरपालिका

# बैतडी




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर रायसहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरित खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैंक हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्योट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजु उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**

२०७९ आषाढ **महालेखापरीक्षक**

पत्र संख्याः २०७८।७९
च.नं.३९८ मितिः २०७९।०३।१९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री नगर प्रमुखज्यू,
पाटन नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
बैतडी ।

**कैफियत सहितको राय**

हामीले पाटन नगरपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. लेखापरीक्षणबाट रू.१ करोड ७१ लाख ८७ हजार बेरुजु देखिएको छ। सोमध्ये असुल गर्नुपर्ने रु.१४ लाख ६८ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.२० लाख ४ हजार, नियमित गर्नुपर्ने रु.२९ लाख २३ हजार र पेश्की रु.१ करोड ७ लाख ९२ हजार बाँकी बेरुजु रहेको छ । पालिकाको गत वर्षसम्म रु.७ करोड ८३ लाख १९ हजार बेरुजु बाँकी रहेकोमा यस वर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु.९ करोड ३१ लाख ७२ हजार रहेको छ । यस पालिकाको बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थिति यसैसाथ संलग्न छ ।
२. पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ। कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

## पाटन नगरपालिका, बैतडी

## बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ५६ | ३४ | १७१८७ | | | | ५६ | ३४ | १७१८७ | १४६८ | २९२३ | २००४ | | | ६३९५ | १०७९२ |

## अद्यावधिक बेरुजु स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको **फस्यौंट** | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|
| ७८३१९ | | २३३४ | ७५९८५ | | १७१८७ | ९३१७२ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : पाटन नगरपालिका, बैतडी , पटम नगरपालिका , बैतडी

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | राजेन्द्र प्रसाद भट्ट | २०७७-१०-७ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | नारायण दत्त भट्ट | २०७७-६-१२ | |
| कार्यालय प्रमुख | धर्मराज न्यौपाने | २०७७-४-१ | |
| | | **बेरुजु रकम** | १७,१८६,८८५ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | २,१५,०२,०३२.१ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ५१,६२,१५,१५३ | **चालु खर्च** | ५६,२८,८४,२०५.६ |
| **प्रदेश सरकारबाट अनुदान** | ३,२२,८१,९०२.५ | **पूँजीगत खर्च** | १३,६२,१२,०२९.६ |
| **राजश्व बाँडफाँट** | ८,२५,३७,६०६.२ | **वित्तीय/अन्य व्यवस्था** | ६,०८,८३,९९६.७ |
| **आन्तरिक आय** | ६०,६५,०६७.९ | | |
| **अन्य आय** | १४,५१,६९,२१९.८ | | |
| **कुल आय** | ७८,२२,६८,९४९.४ | **कुल खर्च** | ७५,९९,८०,२३१.९ |
| **बाँकी मौज्दात** | | ४,३२,९३,५८८.३ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परीचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले २०७१।८।१६ यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगर पालिकाको उद्देश्य रहेको छ । यस पाटन नगरपालिका अन्तर्गत १० वडा, ५४ सभा सदस्य, २१९.२६वर्ग किलोमिटर क्षेत्रफल तथा ३० हजार ४३५ जनसंख्या रहेको छ ।<br><br>लेखापरिक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरिक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरिक्षण मार्गदर्शन, व्यवसायिक लेखापरिक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरिक्षण योजना, कार्यक्रम र लेखापरिक्षणको विधि अनुसार लेखापरिक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिती २०७८।६।१ मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन् :<br><br>लेखापरिक्षणको क्रममा असुली :सामाजिक सुरक्षा तर्फ वढी भुक्तानी भएको रु ८९६००।० तथा आन्तरीक आय दाखिला गर्न बाँकी रु ५९४२१।२१ समेत रु१४९०२१।० लेखापरीक्षणको क्रममा मिति २०७८।६।२० मा असुल तथा दाखिला भएको प्रमाण पेश भएको छ ।<br><br>**वित्तीय विवरण विश्लेषण**<br>**वित्तीय विवरण**–स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br>·स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।<br>· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन ।<br>त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २ | | | **जिम्मेवारी फरक परेको**<br>स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु.८४८३६४३०।४ मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु.२१५०२०३२।० जिम्मेवारी सारेको देखियो । गत वर्षको मौज्दातवाट रु ५९६२५२५५।७३ सघ तथा प्रदेशको खर्च नभई वाँकी रहेको फिर्ता भएकोमा यो वर्ष अल्या तथा खर्च नजनाएको कार्यालयको जवाफ रहेको छ । मौज्दात रकम आम्दानी जनाई फिर्ता खर्च अभिलेखाङ्कन हनुपर्दछ । | |
| ३ | | | **आन्तरिक नियन्त्रण प्रणाली**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।<br>• पालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची १४ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• नगरपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन ।<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो<br>• वडा कार्यालयमा रहेका जिन्सी समान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको ।<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br>• कुनै रकम रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अवागै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरणको संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको ।<br>• नगरपालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव रहेको पाईयो ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरि खर्च लेखेको पाईयो ।तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ४ | | | **बजेट तथा कार्यक्रम**<br>**बजेट पेश, पारित र अख्तियारी**- स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुख श्री सरस्वती कोलीले मिति २०७७।३।१० गते रु ५७ करोड ७२ लाख ६० हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७७।४।१७मा पारित भएको छ ।यसैगरी स्थानीय तहका प्रमुखले २०७७।५।६ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ । | |
| ५ | | | **बजेट तथा कार्यक्रम तर्जुमा**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६</td><td></td><td></td><td>

**चौमासिक खर्च**

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

<table>
<tr><th rowspan="2">क्र.स.स</th><th rowspan="2">बजेट उपशिर्षक</th><th rowspan="2">कुल खर्च</th><th colspan="4">चौमासिक खर्च</th></tr>
<tr><th>प्रथम</th><th>दोस्रो</th><th>तेश्रो</th><th>आषाढ महिना</th></tr>
<tr><td></td><td>चालु खर्चतर्फ</td><td>४६६५६३</td><td>१०४४८१</td><td>१०४२८८</td><td>२५७७९४</td><td>१३५८६२</td></tr>
<tr><td></td><td>पूँजिगत खर्चतर्फ</td><td>९६४३४</td><td>५७१५</td><td>१६६८२</td><td>७४०३७</td><td>५६२४१</td></tr>
<tr><td></td><td>जम्मा</td><td>५६२९९७</td><td>११०१९६</td><td>१२०९७०</td><td>३३१८३१</td><td>१९२१०३</td></tr>
<tr><td></td><td>प्रतिशत</td><td></td><td>१९.५७</td><td>२१.४९</td><td>५८.९४</td><td>३४.१२</td></tr>
</table>

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु.५६ करोड २९ लाख ९७ हजार निकासा भएकोमा प्रथम चौमासिकमा रु.११ करोड १ लाख ९६ हजार अर्थात १९.५७ प्रतिशत, दोश्रो चौमासिकमा रु.१२ करोड ९ लाख ७० हजारअर्थात २१.४९ प्रतिशत र तेश्रो चौमासिकमा रु.३३ करोड १८ लाख ३१ हजार, अर्थात ५८.९४ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.१९ करोड २१ हजार ३ हजार अर्थात ३४.१२ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७ | | | **क्षेत्रगत बजेट र खर्चको स्थिति**<br>स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । | |

| **क्र.स** | **क्षेत्र** | **बजेट** | **खर्च** | **खर्च प्रतिशत** |
|---|---|---|---|---|
| | | | | **जम्मा खर्चको तुलनामा** |
| १ | आर्थिक विकास | ३३५१८ | २४७८३ | ४.४० |
| २ | पूर्वाधार विकास | १०५७६२ | ७७५५२ | १३.७७ |
| ३ | सामाजिक विकास | ३६५८९६ | ३३४५०२ | ५९.४२ |
| ४ | बातावरण तथा विकास | ० | ० | ० |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ४४५२६ | २५५३४ | ४.५४ |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | १२१४५१ | १००६२१ | १७.८७ |
| **जम्मा** | | **६७११५३** | **५६२९९२** | १०० |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सबैभन्दा बढी सामाजिक विकासमा ५९.४२ प्रतिशत र घटीमा बातावरण तथा विकासमा शुन्य प्रतिशत रहेको छ ।

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८</td><td></td><td></td><td>खर्च बिश्लेषण<br>पालिकाले यसबर्ष वित्तिय हस्तान्तरण वाहेक कुल आन्तिरक आयबाट रु ६० लाख ६५ हजार राजस्व बाँडफाँड र अनुदानबाट रु५४ करोड ८४ लाख ९७ हजार तथा गत वर्षको जिम्मेवारी तथा अन्य रु २४ करोड ९२ लाख ८ हजार समेत रु ८० करोड ३७ लाख ७० हजार आम्दानी भएकोमा चालु तर्फ रु ५६ करोड २८ लाख ८४ हजार र पूँजिगत तर्फ रु १३ करोड ६२ लाख १२ समेत रु ६९ करोड ९० लाख ९६ हजार खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०-८६ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु १ करोड ४ लाख ७६ हजार खर्च भएको छ जुन आन्तरिक आयको १७२ प्रतिशत रहेको छ।पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ८०-५१ प्रतिशत चालु र १०-४९ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ।यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>९</td><td></td><td></td><td>लक्ष्य प्रगति<br>कार्यालयको चौमासिक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला स्तरिय तथा केन्द्रिय स्तरियका ९३ योजनाको नियम बमोजिमको उल्लिखत ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने कार्यकारी, प्राविधिक कर्मचारीलाई जिम्मेवार बनाउनु पर्दछ ।
<table>
<tr><td rowspan="2">कार्यक्रम/योजना</td><td rowspan="2">कुल कार्यक्रम</td><td colspan="4">वार्षिक प्रगति स्थिती</td></tr>
<tr><td>शून्य प्रगती</td><td>२५%सम्म प्रगति</td><td>५०% सम्म प्रगति</td><td>७५% सम्म प्रगति</td></tr>
<tr><td>कार्यक्रम संख्या</td><td>९३</td><td>१०</td><td>०</td><td>६</td><td>७७</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १० | | | **संगठन तथा कर्मचारी ब्यवस्थापन**<br>**प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ५८ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित २१ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित ३७ पदहरु रिक्त रहेका छन्।दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| ११ | | | **कर्मचारी करार**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ९१ जना कर्मचारीहरु करारमा राखि रु.१ करोड ५० लाख १० हजार खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । ऐनको प्रावधान विपरित उल्लेखित पद वाहेक अन्यमा करारमा राखी तलव भत्ता खर्च लेख्ने परिपाटीको हुनु पर्दछ । | |
| १२ | | | **कल्याण कोष**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रु.२९२३२८७।० ट्रान्सफर गरेको छ । तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी पालिका अनुदानबाट सोभैm कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गर्न मिल्ने नदेखिएकाले रु. | २,९२३,२८७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १३ | | | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । नगरपालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| १४ | | | **वडा सचिवको पदपूर्ति**<br>पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको१० दरबन्दी भएकोमा ३ पदपूर्ति भई ७ रिक्त भएको देखियो । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १५ | | | **सेवाप्रवाहको स्थिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार १० वटा ऐन, ६ वटा नियमावली र ९ बटा कार्यबिधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ : | |

| **विवरण** | **जम्मा** |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | ७ |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | १६१० |
| मृत्युदर्ता | ३५३ |
| बसाईसराई दर्ता | १६३ |
| विवाह दर्ता | ३८० |
| सम्बन्धविच्छेद दर्ता | ० |
| **पूर्वाधार विकास सडक निर्माण** | |
| कालोपत्रे सडक निर्माण | अभिलेख नभएको |
| कालोपत्रे सडक मर्मत | अभिलेख नभएको |
| ग्राभेल सडक निर्माण | अभिलेख नभएको |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।</td><td></td></tr>
<tr><td>१६</td><td></td><td></td><td>योजना छनौट र कार्यान्वयन<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७७÷७८ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।<br><table><tr><th>रु १ लाख सम्म</th><th>रु १ लाख देखि २ लाखसम्म</th><th>रु २ लाखदेखि ५ लाखसम्मका</th><th>रु ५ लाख देखि १० लाखसम्मका</th><th>रु १० लाखभन्दा बढीको</th><th>जम्मा</th></tr><tr><td>३</td><td>८</td><td>३६</td><td>२६</td><td>२०</td><td>९३</td></tr></table>उपरोक्त विवरण अनुसार नगरपालिकाले यस वर्ष रु १ हजार  देखि १ करोड ४० लाख सम्मका जम्मा ९३ वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र ३ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट प्रतिफल भन्दा चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभवी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१७</td><td></td><td></td><td>कानून निर्माण एवं कार्यान्वयन<br><br>कानून र सञ्चालन स्थिति– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १० वटा ऐन, ६वटा नियमावली, ९कार्यविधि लगायत २७ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएकोछ । साथै पालिकाले १५ वटा कानूनहरु निर्माण गरी सभा तथा कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन् । तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १८ | | | **न्यायीक समिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ४ र यो बर्ष थप भएको २ गरी कुल ६ विवाद दर्ता भएकोमा कुनै पनि फछ्र्यौट नभई सबै बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| १९ | | | **आन्तरिक लेखापरीक्षण**<br>स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ । | |
| २० | | | **आन्तरिक लेखापरीक्षण शाखा**<br>प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तिरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । तसर्थ यस नगरपालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २१ | | | **पदाधिकारी सुविधा स्थानीय तहका पदाधिकारी सुविधा**<br>**स्थानीय तहका पदाधिकारी सुविधा :** नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने व्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु.१ करोड ४ लाख ७६ हजार सुविधा वापत भुक्तानी भएको छ । | |

| सि.नं | विवरण | प्रमुख | उपप्रमुख | वडाअध्यक्ष १० जना | कार्यपालिका सदस्य ८ जना | सभाका सदस्य जना ३४ | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता | १४००० | १३००० | १३९०० | १६८००० | ४९५०० | ३८३५०० |
| २ | यातायात खर्च | | १०००० | ० | ० | ० | १०००० |
| ३ | टेलिफोन,मोबाइल | ८४००० | ७२००० | ४८०००० | ३३६००० | ८१६००० | १७८८००० |
| ४ | पुस्तक,ईन्टरनेट | ७८००० | ६०००० | ४८०००० | ३३६००० | १०२००० | १९७४००० |
| ५ | समन्वय सहजीकरण | १२००० | १०८००० | ७८०००० | ५७६००० | १६३२००० | ३२१६००० |
| ६ | अतिथि सत्कार | ३२००० | १२०००० | ९६०००० | ० | ० | १२१२००० |
| ७ | खानेपानी/बिजुली | ४८००० | ४२००० | ३००००० | २४०००० | ४०८००० | १०३८००० |
| ८ | चाडपर्व खर्च | २७५०० | २५००० | १८०००० | ८०००० | २७२००० | ८५४५०० |
| | जम्मा | ५०३०० | ५६०००० | ३३१९००० | १७३६००० | ४१९७५०० | १०४७६००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २२ | | | **खाना तथा विविध खर्च**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु१३ लाख ९ हजार खर्च गरेको छ ।यस्तो किसीमको खर्चमा नियन्त्रण हनुपर्दछ । | |
| २३ | | | **आर्थिक सहायता**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन तर पालिकाले यस वर्ष रु २४ लाख ९७ हजार आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| २४ | | | **अनुदान फिर्ता, वितरण र उपयोग**<br><br>**अनुदान फिर्ता** – संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७७ असार मसान्तमा प्रदेश समपुरक अनुदान खर्च नभई बाँकी रहेको रु १ हजार फिर्ता गरेको पाइएन । खर्च नभई बाँकी रहेको रकम सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने रु | १,००० |
| २५ | | | **बार्षिक खरिद योजना/गुरुयोजना**<br>सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. १३ करोड ६२ ६२ लाख १२ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २६ | | | **सवारीसाधन खरिद**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु भनिएकोमा केन्द्रीय सरकारको वित्तिय समानिकरण अनुदानको मौज्दात रकमबाट भुक्तानी दिन मिल्ने देखिंदैन । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले २ थान दुई पांग्रे सवारि साधन खरिदमा रु ५ लाख २७ हजार खर्च गरेका छन् । संघीय मन्त्रालयको परिपत्र, निर्देशन परिपालना गर्नुपर्दछ । | |
| २७ | | | **कर दस्तुर एवं आन्तरिक आय**<br><br>**आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय–व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.१ करवड २ लाख १४ हजार आय प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७७।७८ मा रु.६० लाख ६५ हजार अर्थात अनुमान भन्दा ४०.६२ प्रतिशत कम आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ । | |
| २८ | | | **आन्तरिक आय**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७७।७८मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।<br><br>केन्द्रिय अनुदानबाट खर्च रकम रु हजारमा \| आन्तरिक आय \| आन्तरिक आय प्रतिशत<br>५४११३७ \| ६०६५ \| १.२१<br><br>उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.२१ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २९ | | | **कर तथा शुल्क असुली**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।<br><br>**आय शीर्षक** \| **अनुमान** \| **असुली** \| **असुली प्रतिशत**<br>एकीकृत सम्पत्ति कर र घरजग्गा कर \| १०००००० \| ६४८६४८.२१ \| ६४.८६<br>घरजग्गा वहाल कर \| १०००००० \| ८२४११२.४८ \| ८२.४१<br>व्यवसाय कर \| १०००००० \| ६८६१९०.० \| ६८.६१<br><br>पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझी परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ । | |
| ३० | | | **राजश्व अभिलेख**<br>कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पु¥याउनुपर्ने देखियो । | |
| ३१ | | | **सवारी कर**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा पालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख भएकोमा यस बर्ष २५ लाख ८ हजार असुली भएको छ। हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखी कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३२</td><td></td><td></td><td>मनोरञ्जन कर<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर, मनोरञ्जन, प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७७।७८ मा नगरपालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाईएन । यस पालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३३</td><td></td><td></td><td>व्यवसाय कर<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.६ लाख ८६ हजार कर संकलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट नगरपालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छ्रन । तसर्थ पालिकाले आप्mनो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>३४</td><td></td><td></td><td>आयकर एवं मू.अ.कर<br>भुक्तानीमा कर – आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका भुक्तानीमा नियमानुसार लाग्ने रु. १३७८१८।०.अग्रिम कर कट्टी गरेको छ्रैन । तसर्थ उक्त कर असुल हुनुपर्ने रु.
<table>
<tr><th>गोभौनं./मिति</th><th>विवरण</th><th>भुक्तानी रकम</th><th>करको दर</th><th>कर रकम</th></tr>
<tr><td>३५।२०७७।९।२९</td><td>पाटन वृहद खानेपानी योजना</td><td>६८६३९०६।०</td><td>१.५</td><td>१०२९५८।</td></tr>
<tr><td>११८।२०७८।३।२८</td><td>पाटन वृहद खानेपानी योजना</td><td>२४३५०००।०</td><td>१.५</td><td>३४८६०।०</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>१३७८१८।०</td></tr>
</table></td><td>१३७,८१८</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३५</td><td></td><td></td><td>
मूल्य अभिवृद्धि कर कट्टी<br>
आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले २०७८।२।१६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ३० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ७० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर पालिकाले देहायको भुक्तानीमा नियमानुसार ३० प्रतिशत रकम रु. १६०६३१।०.कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ ।
<table>
<tr><th>गोभौनं./मिति</th><th>भुक्तानी पाउनेको नाम</th><th>भुक्तानी रकम</th><th>मुअकर कर रकम</th><th>३० प्रतिशत रकम</th></tr>
<tr><td colspan="5">ए स्वास्थ्य पुरवाधार</td></tr>
<tr><td>२।२०७८।३।२५</td><td>माईलस्टोन ईन्फ्रास्टक्चर</td><td>९२०३५३.९८</td><td>११९६४६.०</td><td>३५८९३।०</td></tr>
<tr><td colspan="5">सघ शसर्त</td></tr>
<tr><td>७५।२०७८।२।२६</td><td>विष्णु जानकी ट्रेडर्स</td><td>४१००२१.०</td><td>४७१७०.०</td><td>१४१५१।०</td></tr>
<tr><td>८५।२०७८।३।११</td><td>वि.एन.कन्ट्रक्सन</td><td>२०६५९७१.०</td><td>२३७६७०.०</td><td>७१३०१।०</td></tr>
<tr><td>२६१।२०७८।३।२४</td><td>वोहोरा ईलेक्ट्रोनीक्स</td><td>४४७४८०.०</td><td>५१४४०.०</td><td>१५४३२।०</td></tr>
<tr><td>२०४।०७८।३।१७</td><td>मालिका ईन्जीनियरिग</td><td>६९११७७.०</td><td>७९५१५.०</td><td>२३८५४।०</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>१६०६३१।०</td></tr>
</table>
तसर्थ उक्त रकमको कर समायोजन प्रमाण पेश हुनेपर्ने अन्यथा असुल हुनुपर्ने रु.
</td><td>१६०,६३१</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३६ | | | **उपभोक्ता समिति मार्फत कार्य**<br>**प्राविधिक बिल र कार्य सम्पन्नः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ । | |
| ३७ | | | **लागत सहभागिता**<br>पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । | |
| ३८ | | | **सशर्त कार्यक्रमतर्फ**<br>**शिक्षक दरवन्दी र पदपूर्ति** - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ६४ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । | |

| सि.नं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | विभन्न ६४ विद्यालहरु | २९० | २८८ | १३३ | ६२५८ |

दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३९ | | | **समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता**<br>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७६ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट नगर स्वय शिक्षकहरुको रु. ११३६४०००।० तलब भत्ता भुक्तानी गरेको पाईयो ।शशर्त अनुदान वाट तलव भत्ताको व्यवस्था भएकोमा समानीकण शिर्षकवाट खर्च लेख्ने कार्यमा नियन्त्रण हुनुपर्दछ । | |
| ४० | | | **बढी निकासा**<br>आर्थिक कार्यविधि नियमावली, २०६४ मा कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरी निकासा तथा खर्च गर्नुपर्ने उल्लेख छ । तर, अवकाश प्राप्त शिक्षकलाई पनि निकासा दिएको निम्नानुसार रु.३८९३३।० रकम बढी निकासा खर्च लेखेको छ । तसर्थ बढी निकासा दिएको रकम असूल गरी सम्बन्धीत राजस्व दातामा दाखिला हुनुपर्ने रु. | ३८,९३३ |

| **गो.भौ./मिति** | **विद्यालयको नाम** | **कार्यक्रम** | **बढी भुक्तान रकम** |
|---|---|---|---|
| ४८।२०७७।१०।०६ | जगदीस सि ऐर | तलव भत्ता | ७५३२।० |
| ४८।२०७७।१०।०६ | जनता आ वि पोखरी | तलव भत्ता | ३१४०१।० |
| | जम्मा | | ३८९३३।० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४१</td><td></td><td></td><td>कार्यक्रम कार्यन्वयन पुस्तीकाको पालना नभएको<br>नेपाल सरकार तथा पालिकाबाट विद्यालयहरुलाई वार्षिक कार्यक्रम अनुसार दिईने एकमुष्ट अनूदान तथा निकासा सम्बन्धमा मानव स्रोत विकास केन्त्र सानोठिमी बाट प्रकाशित कार्यक्रम कार्यान्वन पुस्तीकामा उल्लेख भए अनुसार दिनुपर्ने कानूनी व्यवस्था छ । तर पालिकाले उक्त पुस्तीकामा उल्लेख भएभन्दा बढी हुने गरी निम्नानुसार पाठ्य पुस्तक तर्फ रु. २६८४३९।०बढी निकासा दिएको देखियो । तसर्थ तोकीए भन्दा बढी निकासा भएको रकम सम्वन्धमा भुक्तानी पाउने भए सोको प्रमाण पेश गर्ने अन्यथा असूल गरी सम्बन्धीत राजस्व खातामा दाखिला हुनुपर्ने देखिएको रु.<br>
<table>
<tr><th>गो.भौ./मिति</th><th>विवरण</th><th>कार्यक्रम</th><th>बढी भुक्तानी रकम</th></tr>
<tr><td>१५६।२०७८।२।३०</td><td>कुल सख्याका आधारमा वढी</td><td>पाठ्य पुस्तक</td><td>२६८४३९।०</td></tr>
</table></td><td>२६८,४३९</td></tr>
<tr><td>४२</td><td></td><td></td><td>प्रधानमन्त्री रोजगार कार्यक्रम<br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम नगरपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको सूचिमा समावेशलाई प्रथमिकिकरण गरेको छैन । कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, इनार, प्रतिक्षालय निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ५५७. जनालाई रोजगारी उपलव्ध गराई रु.२ करोड ११ लाख ८७ हजार खर्च गरेको छ । लक्षित वर्गलाई १०० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४३ | | | **नगर योजनामा नपरेको**<br>नगरपालिका अन्तरगत कार्यान्वयन भएका योजनाहरु सभा वाट पारित हुनुपर्दछ । प्रधान मन्त्री रोजगार अन्तरगत निम्नानुसारका ३ योजनाहरुमा रु २६९५९०८।०खर्च गरी कार्यान्वयन भएकामा सभा वाट पारि भएका छैनन । नगर योजनामा समावेस गरेर मात्र योजनाहरु कार्यान्वयन हुनु पर्दछ । | |

| क्र स | भौचर नम्वर | कामको विवरण | लागत अनुमान | भुक्तानी |
|---|---|---|---|---|
| १ | २८९।२०७८।३।२५ | छडबयु देखि गोरा खोला हुदै विसौनी | ११३७५१३।३४ | १०५३१२३।० |
| २ | २९०।७८।३।२७ | सुनानी गाड सिचाई कुलो निर्माण | ६७२१००।० | ५१६७५९।० |
| ३ | २९१।७८।३।२५ | गजाल देखि त्रिपुरेश्वर सम्मको वाटो | ११८९१००।० | ११२६०२६।० |
| | | | जम्मा | २६९५९०८।० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४४ | | | **समानीकरण पूँजिगततर्फ**<br><br>**सोझैखरिद**– सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोभै**m** गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोभै**m** खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोभै**m** खरिद गर्न नहुने उल्लेख छ । पालिकाहरुले यो वर्ष पूँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नपनाइको निम्नानुसार रु.५११२६७५।० को सोझै खरिद गरेको देखियो ।प्रतिस्पर्धात्मक रुपमा खरीद कार्य गर्नुपर्दछ । | |

| क्र स | निर्माण व्यवसायी | कामको विवरण | लागत अनुमान | भुक्तानी |
|---|---|---|---|---|
| १ | कैलपाल कन्स्ट्रक्सन | महिला विकास हलको मर्मत सम्भार | ५०००००।० | ४८२२११।० |
| | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २ | धरमदेव निर्माण सेवा | महिला विकास भवनको मर्मत | २९९८१५।० | २०९४१९।० | | |
| | | | | ३ | एस.के.वि.एम निर्माण सेवा | नयाँ कार्यालयको मर्मत योजना | ४९९०६५।० | ४९६४४९।०. | | |
| | | | | ४ | नागार्जुन निर्माण सेवा | इलाका प्रहरी कार्यालयको घेरबार | २९९९८८।० | २९८९००।० | | |
| | | | | ५ | पि एण्ड एम सप्लायर्स | नया कार्यालय व्यवस्थापन | ४०९५७१।० | ४९८१०१।० | | |
| | | | | ६ | श्री कृष्ण निर्माण सेवा | आवास व्यावस्थापन | ४९७८५१।० | ४९५३३७।० | | |
| | | | | ७ | वि.एन.कन्स्ट्रक्सन एण्ड | क्रिकेट क्रिज निर्माण | २००३७५।० | १५७५८३।० | | |
| | | | | ८ | शिवलिंग निर्माण सेवा | थपला सन्तोली सडक निर्माण | ४९९९९७।० | ४९९३७६।० | | |
| | | | | ९ | के एन विल्डर्स | उदयदेव मा वि किम्तोली वाल निर्माण | ४९९३५५।० | ४९६१२४।० | | |
| | | | | १० | सुवर्ण कन्स्ट्रक्सन | कुडखेत खालिका वाल निर्माण | ४९९१६८।० | ४९६०४९।० | | |
| | | | | ११ | नागार्जुन निर्माण सेवा | मजेडा खोलामा वाल निर्माण | ४९९१६८।० | ४९६१२४।० | | |
| | | | | १२ | महारुद्र निर्माण सेवा | एयरपोर्टमा प्रतिक्षालय छानो मर्मत | ३९९०९७।० | ३९७००२।० | | |
| | | | | | | | जम्मा | ५११२६७५।० | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४५ | | | **कन्टिन्जेन्सी खर्चको अभिलेख**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट पाँच प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७७/७८ मा कन्टीन्जेन्सी बापत रु १७६५६५३।० कट्टी गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन । | |
| ४६ | | | **कार्य सम्पन्न प्रतिवेदन**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकर्त ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था दिखएन । | |
| ४७ | | | **सार्वजनिक परीक्षण**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारर्दशिताको प्रबद्र्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ ।ऐनको व्यवस्था वमोजिम सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्दछ । | |
| ४८ | | | **परामर्श सेवा**<br>सार्वजनिक खरिद नियमावली, नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले देहायअनुसारका परामर्श सेवाको खरिदमा गर्दा प्रतिस्पर्धा नगराई सोभैm खरिद गरी रु१२७७८६५।० खर्च लेखेको छ । पालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्धकालीन पुजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिसूधाको माध्यमले परामर्श सेवा खरिद गनुपर्नेमा सो गरेको देखिएन । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४९</td><td></td><td></td><td>

**डीपीआर खर्च**

बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

<table>
<tr><th>कार्य विवरण</th><th>परामर्शदाता</th><th>स्वीकृत रकम</th><th>खर्च रकम</th><th>निर्धारण भएको आयोजनाको लागत</th></tr>
<tr><td>१५ शैया अस्पताल डी पि आर</td><td>माईल स्टोन ई ई</td><td>१०५०००००।०</td><td>१०४०००००।०</td><td>१९५२६३४५७।०</td></tr>
<tr><td>गौरी शकर मा वि डी पि आर</td><td>अदृत ई सर्भिस</td><td>२५०००००।०</td><td>२३७८६५।०</td><td>४४०९२०७।०</td></tr>
</table>

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृतबजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा पालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा पालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ ।

</td><td></td></tr>
<tr><td>५०</td><td></td><td></td><td>

**सफ्टवेयर खरिद**

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले राजश्व संकलन अनलाइन मार्फत गरी राजश्व संकलनमा बृद्धि गर्नेउद्देश्यले सफ्टवेयर खरिद गरी रु.११९९९४७।० खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५१ | | | **समानीकरण चालुतर्फ**<br>**भ्रमण खर्च** : सुदुर पश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् .<br>• अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।<br>• नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।<br>• भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।<br>• कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।<br>• स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको । अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो। त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ । | |
| ५२ | | | **सामाजिक सुरक्षातर्फ**<br>सामाजिक सुरक्षा कार्याक्रम सञ्चालन कार्यविधि, २०७५ को १३ नाम दर्ता र नवीकरणबाट आगामी आर्थिक वर्षका लागि कायमहुन आएको लाभग्राहीको विवरण प्रत्येक स्थानीय तहले फागुन मसान्तभित्र विभागले सञ्चालनमा ल्याएको व्यवस्थापन सूचना प्रणाली (एम.आई.एसं) मा अनिवार्य रुपमा प्रविष्टि गर्नुपर्ने व्यवस्था वमोजिम उक्त प्रणालीमा लाभग्राहीको विवरण प्रविष्टि गरी यस वर्ष रु ८४०१८९१६।० भुक्तानी भएको छ । | |
| ५३ | | | **विपद् व्यवस्थापन**<br><br>**समिति गठन**- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा तोकिएबमोजिमको समिति गठन गरेको/समिति गठन भएतापनि बैठक बस्ने बाहेक अन्य कार्य गरेको पाइएन । ऐनमा तोकिएबमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५४ | | | **कार्य योजना**<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ । | |
| ५५ | | | **विपद् व्यवस्थापन कोष**<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ । पालिकाले गत वर्षको मौज्दात समेत रु. ११९९४४३०।० आम्दानी भई रु ११५३७२४४।० खर्च गरी बाँकी रु. ४५७१८६।३२ देखिन्छ । विपद् व्यवस्थापन कोष बनाएको भए पनि कोषको सञ्चालन सम्बन्धी नियम वनाएको छैन । ऐन तथा नियममा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ५६ | | | **वार्षिक प्रतिवेदन**<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ५७ | | | **सरकारी तथ सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण** | |
| ५७.१ | | | स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ ।यस सम्वन्धमा निम्नानुसार देखिएको छ: | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५७.२ | | | पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण तथा अभिलेख राख्नु पर्दछ । | |
| ५८ | | | **एकिकृत स्वास्थ्य पुर्वाधार कार्यक्रम** | |
| ५८.१ | | | **१५ शैया अस्पताल भवन निर्माण** नगरपालिका अन्तर्गत १५ शैयाको अस्पताल भवन निर्माणका लागि लागत अनुमान रु १९५२६३४५७।० स्वीकृत गरी वोलपत्र हुँदा सीनर्जी प्रधान जे भी को रु १४४७३१७७२।० स्वीकृत गरी २०७८।३।२२ मा २०८०।१२।३० सम्ममा कार्य सम्पन्न गर्ने गरी सम्झौता भएकोमा यस वर्षमा मोविलाईजेसन पेश्की रु ५६००००००।० भुक्तानी भएकोमा अन्य काम हुन सकेको छैन।सम्झौता वमोजिमको काम सम्पन्न हुनुपर्दछ । | |
| ५८.२ | | | पेश्की सार्वजनिक खरीद नियमावली २०६४ को नियम ११३ तथा निर्माण व्यवसायि सँग भएको खरीद सम्झौता वमोजिम सम्झौता रकमको २० प्रतिशत सम्म पेश्की दिन सकिने व्यवस्था रहको छ ।उलल्खित निर्माण कार्यमा मुल्य अभिवृध्दि कर र प्रोभिजनल समको रकम वाहेक रु१२६९५५०२९।० को २० प्रतिशतले हुन आउने रु २५३९१०००।० पेश्की उपलब्ध गराउनुपर्नेमा रु२५६००००००।० उपलब्ध गराएकोले रु २०८९९५।० वढी पेश्की उपलब्ध गराएको देखिन्छ।अत वढी पेश्की दिएको रकम असुल फर्छ्यौट हुनुपर्ने रु | २०८,९९५ |
| ५९ | | | **प्रशासकिय भवन निर्माण** | |
| ५९.१ | | | नगरपालिकाको प्रशासकिय भवन निर्माणका लागि लागत अनुमान रु २७३६४३१२।० स्वीकृत गरी वोलपत्र हुँदा प्रशान्त शिवलिग जे भी को रु २६८२१९०४।४२ स्वीकृत गरी २०७८।३।११ मा २०८०।१२।७ सम्ममा कार्य सम्पन्न गर्ने गरी सम्झौता भएकोमा यस वर्षमा मोविलाईजेसन पेश्की रु ४७७३०००।० तथा प्रथम विलको रकम रु २१५०६८४।० भुक्तानी भएकोमा छ। सम्झौता वमोजिमको काम सम्पन्न हुनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५९.२ | | | **वढी पेश्की :**पेश्की सार्वजनिक खरीद नियमावली २०६४ को नियम ११३ तथा निर्माण व्यवसायि सँग भएको खरीद सम्झौता वमोजिम सम्झौता रकमको २० प्रतिशत सम्म पेश्की दिन सकिने व्यवस्था रहको छ ।उलल्खित निर्माण कार्यमा मुल्य अभिवृध्दि कर र प्रोभिजनल समको रकम वाहेक रु २३०२८२३४।१० को २० प्रतिशतले हुन आउने रु ४६०५६४६।० पेश्की उपलब्ध गराउनुपर्नेमा रु ४७७३०००।० उपलब्ध गराएकोले रु १६७३५३।० वढी पेश्की उपलब्ध गराएको देखिन्छ । अत वढी पेश्की दिएको रकम असुल हुनुपर्ने रु | १६७,३५३ |
| ५९.३ | | | **कम कार्यसम्पादन जमानत:**सार्वजनिक खरीद नियमावली २०६४ को नियम ११०(४) तथा खरीद सम्झौताको विषेश सर्त वमोजिम कवोल रकमको पाँच प्रतिशत कार्यसम्पादन जमानत लिनुपर्ने व्यवस्था रहेको छ । उल्लेखित अनुसार निर्माण कार्यमा रु १३४१०९५।०५ कार्य सम्पादन जमानत राख्नुपर्नेमा रु१२ लाख राखेको पाईएकोले रु१४१०९५।० कम लिएकोले खरीद सम्झौता वमोजिम कार्य सम्पादन जमानत लिनुपर्ने रु | १४१,०९५ |
| ६० | | | **वढी भुक्तानी** | |
| ६०.१ | | | निर्माण कार्यको ठेक्का वापतको रकम भुक्तानी दिदा कामको नापी तथा मुल्याङ्कन वमोजिम हुनुपर्दछ । निम्नानुसारका निर्माण कार्यमा नापी तथा मुल्याङ्कन भन्दा वढी रकम भुक्तानी भएकोले उक्त रकम असुल गरी स्थानीय सञ्चितकोष दाखिला गर्नुपर्ने देखिन्छ । | |
| ६०.२ | | | वडा न ४ को वडा कार्यालय भवन निर्माणका लागि रु८८२९१९०।०स्वीकृत गरी बोलपत्र भएकोमा रु५४९३१६१।०५ कवोल गर्ने असीमि केदार निर्माण सेवाको वोलपत्र स्वीकृत गरी २०७८।३।३० सम्ममा कार्य सम्पन्न गर्ने गरी सम्झौता भएकोमा यस वर्ष तेस्रो विल सम्म रु४०६२८५०।० काम भएकोमा रु ४६ लाख भुक्तानी भएकोले रु ५३७१५०।० वढी भुक्तानी भएको छ । वढी भुक्तानी भएको रकम ब्याज सहित असुल गर्नुपर्ने रु | ५३७,१५० |
| ६०.३ | | | वडा कार्यालय भवन निर्माणकालागि रु८८१२६७८।७८ को लागत अनुमान स्वीकृत गरी वोलपत्र हुदा रु ६४११६४३।० कवोल गर्ने एम के निर्माण सेवाको वोलपत्र स्वीकृत गरी २०७७।४।६ मा २०७८।३।३० भित्र कार्य सम्पन्न गर्ने गरी सम्झौता भएकोमा दोस्रो विल सम्म रु२१०३९४७।८० काम भएकोमा रु २२४०६८८।० भुक्तानी भएकोले रु १३६७४१।७३ वढी भुक्तानी भएको छ । वढी भुक्तानी भएको रकम ब्याज सहित असुल गर्नुपर्ने रु | १३६,७४२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६१ | | | **प्रविधिक प्रतिवेदन**<br>३३१।३।२९ सुरक्षित नागरीक आवास कार्यान्वयन कार्यविधि २०७५ को अनुसुची ७ वमोजिम सुरक्षित आवासका लागि उपलब्ध गराएको रकमको प्राविधिक प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था रहेको छ । यस नगरपालिका अन्तरगत १४७ जनाको लागि यस वर्ष रु २७०००।० का दरले रु३९६९०००।०निकासा भएकोमा सोको प्रविधिक प्रतिवेदन पेश भएको छैन । अत उक्त वमोजिमो प्रतिवेदन पेश हुनु पर्ने रु | |
| ६२ | | | **उपयोग**<br>१०६।३।२५ खरीद भएका निर्माण सामाग्री उद्देश्य अनुरुप उपयोग भएको प्रमाण पेश हुनु पर्दछ । वडा न ४ को लिफ्ट सिचाई योजनाका लागि सुर्योदय उर्जा प्रालिवाट आपुर्ति भएका सोलार सीस्टमका निर्माण सामाग्रीहरु रु३३६२२६८।० वरावरको आपुर्ति भएकोमा रु१०४५७४९। भुक्तानी भएको छ । उक्त सामाग्रीहरु कार्यालयको स्टोरमा मौज्दात रहेकोमा सोको जडान तथा उपयोग भएको नापी तथा मुल्याङ्कन प्रतिवेदन पेश नभएको छैन । अत उक्त आपुर्ति भएका सोलार सीस्टमका निर्माण सामाग्रीहरु उपयोग भएको प्रमाण पेश गर्नुपर्ने रु | १,०४५,७४९ |
| ६३ | | | **कम कार्यसम्पादन जमानत**<br>सार्वजनिक खरीद नियमावली २०६४ को नियम ११०(४) तथा खरीद सम्झौताको विषेश सर्त वमोजिम लागत अनुमानको तुलनामा पन्ध्र प्रतिशत भन्दा वढी घटेको अवस्थामा वढी घटेको रकमको पचास प्रतिशत र कवोल रकमको पाँच प्रतिशत समेत कार्यसम्पादन जमानत लिनुपर्ने व्यवस्था रहेको छ । निम्नानुसारका निर्माण कार्यमा १५ प्रतिशत भन्दा वढी घटेकोमा खरीद सम्झौता वमोजिम कार्य सम्पादन जमानत लिएको पाईएन । कम भएको जमानत रु४७३९२।० जमानत लिनुपर्ने | ४७,३९२ |

| **सि.नं** | कामको विवरण | निर्माण ब्यवसायीको नाम | ठेक्का रकम | राख्नुपर्ने जमानत बापतको रकम | राखेको जमानत | कम जमानत |
|---|---|---|---|---|---|---|
| १ | जनता आ वि सिगास | वि एन कन्ट्रक्सन एण्ड सप्लायर्स | ४१३८१२७।० | २०६५०६।० | १८२७५०।० | २३७५६।० |
| २ | गुजर मा वि | श्री कृष्ण कन्ट्रक्सन | ४१२२७३९।० | २०६१३६।० | १८२५००।० | २३६३६।० |
| जम्मा | | | | | | ४७३९२।० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६४ | | | **कार्यसम्पादन जमानतको म्याद** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
सार्वजनिक खरीद नियमावली २०६४ को नियम ११०(४) वमोजिम कार्यसम्पादन जमानतको मान्य अवधि त्यस्तो खरीद सम्झौतामा उल्लेखित अन्तिम अवधि वा निर्माण कार्यको त्रुटी सच्याउने दायित्वको अवधि भन्दा कम्तिमा १ महिना अवधिको हुनुपर्ने व्यवस्था छ। निर्माण व्यवसायीसंग भएको खरीद सम्झौतामा समेत उक्त व्यवस्था रहेको छ । निम्नानुसारको निर्माण कार्यहरू सम्पन्न नभएकोमा नियमावली तथा खरीद सम्झौताको कार्यसम्पन्न गर्ने अवधि र त्रुटी सच्याउने अवधि समेत पुग्ने गरी कार्यसम्पादन जमानत राख्नुपर्नेमा सो वमोजिम राखेको देखिएन ।खरीद नियमावली तथा खरीद सम्झौता वमोजिम तोकिएको अवधि सम्ट्ने कार्य सम्पादन जमानत लिनुपर्ने देखिन्छ।
<table>
<tr><th>सि.नं.</th><th>कामकव विवरण</th><th>निर्माण ब्यवसायीको नाम</th><th>ठेक्का रकम</th><th>जमानत बापतको रकम</th><th>काम समाप्त गर्नुपर्ने मिति</th><th>जमानतको म्याद सकिने मिति</th><th>म्याद हुनुपर्ने अवधि</th></tr>
<tr><td>१</td><td>वडा कार्यालय भवन</td><td>एस के निर्माण से</td><td>६४११६४३।०</td><td>८६०१४९।०</td><td>२०७८।३।३०</td><td>२०७८।३।२७</td><td>२०७९।४।३०</td></tr>
<tr><td>२</td><td>स्वा चौकी निर्माण</td><td>आयुस नि सेवा</td><td>४०४०७४९।०</td><td>२०२०३७।०</td><td>२२०७८।३।३</td><td>२०७८।४।५</td><td>२०७९।४।३०</td></tr>
<tr><td>३</td><td>जनता आ वि भवन</td><td>वि एन कन्ट्रक्सन</td><td>४१३८१२७।०</td><td>१८२७५०।०</td><td>२०७८।३।२०</td><td>२०७८।३।३०</td><td>२०७९।४।२०</td></tr>
<tr><td>४</td><td>कुईखेत सिचाई यो</td><td>ईन्द्र निर्माण सेवा</td><td>५११९४१६।०</td><td>१७८६३०६।</td><td>२०७८।३।२५</td><td>२०७८।३।२७</td><td>२०७९।४।२५</td></tr>
<tr><td>५</td><td>हरिचन्द्र सडक नि य</td><td>कैलास कन्ट्रक्सन</td><td>५३६९७६०।०</td><td>२६६३३७७।</td><td>२०७८।३।२५</td><td>२०७८।३।१२</td><td>२०७९।४।२५</td></tr>
<tr><td></td><td colspan="3">जम्मा</td><td>५६९४६१९।</td><td></td><td></td><td></td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६५ | | | **आम्दानी नवाँधेको**<br>पाटन नगरपालिका आर्थिक कार्यविधि कानुन २०७४ नियम १४ वमोजिम कार्यालयमा प्राप्त सम्पत्तिको आम्दानी वाँध्नुपर्ने ब्यबस्था छ।नगरपालिकाले खरीद गरेका निम्नानुसारका सवारी साधनहरु कार्यालयको जिन्सी खातामा दाखिला गरेको भए पनि स्वामित्वमा ल्याएको पाईएन। अत: उक्त जिन्सी सामानहरु कार्यालयको स्वामित्वमा ल्याउनुपर्ने रु | ५२७,८०० |

| भौचर नम्वर मिति | सामानको विवरण | भुक्तानी रकम |
|---|---|---|
| ८९।२०७८।३।१ | पल्सर मोटर वाईक | २६३९००।० |
| ९३।२०७८।३।१४ | पल्सर मोटर वाईक | २६३९००।० |
| | जम्मा | ५२७८००।० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६६ | | | .<br>रकम भुक्तानी गर्दा सम्झौता वमोजिम कट्टी गर्नुपर्ने रकमहरु कट्टा गरी भुक्तानी हुनु पर्दछ । निम्नानुसारको पेश्की फर्छ्यौट गर्दा कट्टा गर्नुपर्ने रकमहरु छुट भएको पाईएकोले उक्त रकम असुल गरी दाखिला हुनुपर्ने रु | ५२,९७१ |

| सि न | भौचर नम्वर मिति | विवरण | छुट रकम | | | जम्मा |
|---|---|---|---|---|---|---|
| | | | कन्टिन्जेन्सी रकम | सा सु कर | आय कर | |
| १ | ८९।२०७७।१२।१३ | जनशक्ति आ वि | २१०००।० | १७१२।० | २५१०।० | २५२२२।० |
| २ | ८७।२०७७।१२।१३ | श्री महेश्वर आ वि | २१०००।० | ४२०२।० | २५४७।० | २७७४९।० |
| | | | जम्मा | | | ५२९७१।० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६७ | | | | १०,७९१,५३० |

**पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२(४) मा नियमानुसार म्याद नाघेको पेश्की तोकिएको म्यादभित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । कार्यालयले देहाय अनुसारका कर्मचारी,संस्थागत तथा ठेकेदारहरुलाई नियम अनुसार दिएको म्याद ननाघेको रु ३३१०२५००।० तथा म्याद नाघेको रु ११०९१५३०।०पेश्की फछ्र्यौट हुन बाँकी देखिएकोले नियममा व्यवस्था भए बमोजिम समयमै फर्छयौट गर्नुपर्दछ रु.

| वजेट उपशिर्षक | पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | म्याद ननाघेको | म्याद नाघेको |
|---|---|---|---|---|
| ए स्वा पुर्वाधार | अस्पतान भवन निर्माण | सिनर्जी प्रधान जे भी | २५६०००००।० | |
| स्थानीय तश प्रशासनीक | कार्यालय भवन निर्माण | प्रशसा शिव लिग जे भी | ४७७३०००।० | |
| सघीय सरकार हस्तान्तरीत | गौरी शकर मा बि | एस के निर्माण सेवा | ३८००००।० | |
| सघीय शसर्त | विद्धालय भवन नि | त्रिपुरेश्वर माध्यामिक विद्यालय | १८०००००।० | |
| | विद्धालय भवन नि | ज्ञानेश्वरर मा वि | | १८५००००।० |
| | विद्धालय भवन नि | महेश्वर आ वि | | ९०००००।० |
| | विद्धालय भवन नि | भूमिराज आधारभूत विद्यालय टोटीपोखर | | ३५००००।० |
| | विद्धालय भवन नि | भूमिराज आधारभूत विद्यालय बाटुलासौ | | ९०००००।० |
| | विद्धालय भवन नि | कालिका आधारभूत विद्यालय | | ९०००००।० |
| | विद्धालय भवन नि | भृकुटी आधारभूत विद्धालय | | ९०००००।० |
| | विद्धालय भवन नि | सिध्देश्वर मा वि हुक्के डाडा | | ९०००००।० |
| | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | विद्धालय भवन नि | भगवती आधारभूत विद्यालय सुकेली | | ९०००००।० | | |
| | | | | | विद्धालय भवन नि | ज्ञान ज्योती आधारभूत विद्धालय गणेशपुर | | ३५००००।० | | |
| | | | | | विद्धालय भवन नि | सरस्वती आधारभूत विद्धालय गुत्थडी | | ३५००००।० | | |
| | | | | | विद्धालय भवन नि | कृष्ण मा वि पाटन | | ३५००००।० | | |
| | | | | | विद्धालय भवन नि | जनाता मा वि आरुपाट | | ९०००००। | | |
| | | | | समानीकरण पुँजिगत | वडा कार्यालय भवन | एस के निर्माण सेवा | ५४९५००।० | | | |
| | | | | | सडक मर्मत सम्भार | नगर सरसफाई उपभोक्ता समिति | | ८२५०००।० | | |
| | | | | | सार्वजनिक शौचालय | सार्वजनिक शौचालय उपभोक्ता समिति | | २८९८१०।० | | |
| | | | | | खोप केन्द्र तथा पाईप खरीद | खोप केन्द्र तथा पाईप खरीद | | १२६७२०।० | | |
| | | | | | | **जम्मा** | **३३१०२५००।** | **११०९१५३०।** | | |
| ६८ | | | अनुगमन तथा सम्परीक्षण<br>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा भई सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ । | | | | | | | |

| गत वर्षसम्मको बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B) | गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B) |
|---|---|---|
| ७८३१९ | २३३४ | ७५९८५ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६९</td><td></td><td></td><td>
बेरुजु फछर्योटको स्थिति<br>
यस वर्ष फछ्र्योट भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ ।
<table>
<tr><th>सि.नं.</th><th>आ.व.</th><th>वेरुजु दफा नं.</th><th>संक्षिप्त व्यहोरा</th><th colspan="4">फछ्र्योटको आधार</th><th>सम्परीक्षण</th></tr>
<tr><th></th><th></th><th></th><th></th><th>असुली</th><th>प्रमाण</th><th>नियमित</th><th>पेश्की</th><th></th></tr>
<tr><td>१</td><td>०७६।७७</td><td>१९</td><td>वढी भत्ता</td><td>११५६००।०</td><td></td><td>०</td><td>०</td><td>११५६००।०</td></tr>
<tr><td>२</td><td>०७६।७७</td><td>३१</td><td>वढी छात्रवृत्ति</td><td>४०००।०</td><td></td><td></td><td></td><td>४०००।०</td></tr>
<tr><td>३</td><td>०७६।७७</td><td>३५</td><td>वढी निकासा</td><td>३१६७।०</td><td></td><td></td><td></td><td>३१६७।०</td></tr>
<tr><td>४</td><td>०७६।७७</td><td>३६</td><td>वढी ग्रेड</td><td>७९८३।०</td><td></td><td></td><td></td><td>७९८३।०</td></tr>
<tr><td>५</td><td>०७६।७७</td><td>४६</td><td>कर</td><td>६५२५।०</td><td></td><td></td><td></td><td>६५२५।०</td></tr>
<tr><td>६</td><td>०७६।७७</td><td>५६</td><td>शिक्षक तलव</td><td></td><td>९९००००।</td><td></td><td></td><td>९९००००।</td></tr>
<tr><td>७</td><td>०७६।७७</td><td>६८</td><td>सूर्य वील्डर्स</td><td></td><td></td><td></td><td>८०००००।०</td><td>८०००००।०</td></tr>
<tr><td>८</td><td>०७६।७७</td><td>६८</td><td>वगाडी गाड पुल</td><td></td><td></td><td></td><td>३२२१७४।०</td><td>३२२१७४।०</td></tr>
<tr><td>९</td><td>०७६।७७</td><td>६८</td><td>मालिका ईन्जिनियरीङ</td><td></td><td></td><td></td><td>८४०४०।०</td><td>८४०४०।०</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td>जम्मा</td><td>२३३३४८९।</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७०</td><td></td><td></td><td>
अद्यावधिक वेरुजु<br>
यस पालिकाको २०७६।७७ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ
<table>
<tr><th>गत वर्षसम्मको बाँकी बेरुजू (A)</th><th>यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B)</th><th>यो वर्ष कायम बेरुजू(C)</th><th>संपरीक्षणबाट कायम बेरुजू(D)</th><th>अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D)</th></tr>
<tr><td>७५९८५</td><td>०</td><td>१७१८६</td><td>०</td><td>९३१७१</td></tr>
</table>
</td><td></td></tr>
</table>